यहि मिति २०८२ भदौ महिनाको १६ गते बसेको कार्यपालिका बैठकको निर्णयहरू:

१. यस गाउँपालिका गाउँकार्यपालिकाको अघिल्लो बैठकले पारित गरेका निर्णयहरूको कार्यान्वयन अवस्था बारे छलफल तथा समीक्षा गरियो ।

२. चालु आर्थिक वर्ष २०८२।०८३ को लागि विषयगत शाखाबाट तयार गरी पेश गरेको वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा वार्षिक खरिद योजना सात दिनभित्र अध्ययन गरी प्रतिवेदन पेश गर्न विषयगत समितिमा पठाउने निर्णय गरीयो।

३. यस गाँउपालिका अन्तर्गत कार्यरत विभिन्न प्राविधिक कर्मचारीहरूको जिम्मेवारी प्रशासन शाखाको प्रस्ताव बमोजिम हेरफेर गर्ने निर्णय गरीयो।

४. चालु आर्थिक वर्ष २०८२।०८३ बाट सुरक्षित आप्रवाशन कार्यक्रम संचालन गर्न रोजगार सेवा केन्द्रको प्रस्ताव बमोजिम मनोसामाजिक परामर्श १ (पाँचौ तह) र रिटर्नी स्वयम् सेवक १ जना नियुक्त गर्न कानून बमोजिम प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो।

५. स्वास्थ्य शाखाको प्रस्ताव बमोजिम चालु आर्थिक वर्ष २०८२।०८३ मा नेपाल सरकारको सशर्त अनुदानबाट सेवा सुविधा बेहोर्ने गरी जनस्वास्थ्य अधिकृत (सातौं तह) १ र स्वास्थ्य संस्थामा रिक्त कार्यालय सहयोगी ३ जना नियुक्ति गर्न विज्ञापन प्रकाशन गर्ने निर्णय गरीयो।

६. प्रदेश लोकसेवा आयोग वागमती प्रदेशको सिफारिस तथा प्रशासन शाखाको प्रस्तावमा स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ को दफा १७ बमोजिम मिति २०८२ श्रावण ३० गते देखि लागु हुने गरी गाँउ कार्यपालिकाको कार्यालयमा रिक्त कृषि सेवा कृषि प्रसार।एगृ इको एण्ड मार्केटिङ।बागवानी समूह कृषि अधिकृत सातौं तहमा श्री रामजनम थारू राजापुर नगरपालिका ९ वर्दियालाई स्थायी नियुक्ति दिने र नियुक्तिको सूचना स्थायी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरीयो।

७. नयाँ प्रशासकीय भवनबाट छिटो छरितो चुस्त एवम् प्रभावकारी नागरिकमैत्री सेवा प्रवाहको लागि व्यवस्था मिलाउन टेलिफोन इन्टरनेट ग्रील फर्निचर लगायत अन्य आवश्यक कार्य गर्न गराउन खरिद समितिलाई जिम्मेवारी दिने निर्णय गरीयो।

८. गाउँपालिकाको पूर्वाधार विकास शाखाको प्रस्ताव बमोजिम आन्तरिक आय वृद्धि गर्न कोखाजोर खोला वनखुखोला आकुरा खोला राङ्चा खोला ज्यामिरे तथा चउखोला क्षेत्रको स्वीकृत प्रारम्भिक वातावरणीय अध्ययन परिक्षण प्रतिवेदन बमोजिम पहिलो पटक आन्तरिक आय ठेक्का आव्ह्यान भएकोमा कुनै पनि प्रस्ताव पेश नभएकोले वातावरणीय परिक्षण प्रतिवेदनले निर्धारित परिमाणमा १० प्रतिशत घटाएर दोस्रो पटक सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार आन्तरिक आय ठेक्का आवह्यान गर्ने निर्णय गरीयो।

९. गाउँपालिका क्षेत्रको मुख्य तथा ग्रामीण सडकको सरसफाइ तथा मर्मत गर्नुपर्ने सडकको पहिचान गरी ७ दिन भित्र लागत अनुमान तयार गरेर पेश गर्न र प्रदेश विशेष अनुदान अन्तर्गत विद्यालय भवनहरूको स्थलगत अध्ययन गरी प्राथमिकताको आधारमा लागत अनुमान तयार गर्न पूर्वाधार विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरीयो।

कान्छामान जिम्बा

**कान्छामान जिम्बा**

**प्रमुख**

CamScanner